# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं चैत्र २३ गते २०१० साल [ संख्या ३३

भाग ११

## पब्लिक वर्क्स तथा सञ्चारमन्त्रालयको सूचना

पत्र सं. हु. फा. ७-१६।१ / १२४६।०१० मिति १६।१२।०१०

श्री ५ महाराजाधिराजको फोटो र नेपालको नक्सा भएको दुइ नयाँ डिजाइनका हुलाकी टिकटहरु आउँदो २०११ साल वैशाख १ गतेदेखि चालुमा ल्याइने भएको छ ।

देशमा आएको परिवर्तन र परिस्थिति हेरी जनतालाई साबिकभन्दा बढी सुविधा दिलाउने सरकारको उद्देश्य हुँदा हुलाकको साबिकबमोजिम चली आएको काममा पुनर्गठन गरी आधुनिकता ल्याई चिठ्ठीपत्रहरु यथोचित समयमा प्राप्त



मुद्रण विभाग सिंहदरबार

२३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराउन तथा राज्यभित्र हवाई सर्भिस खुलेका स्थानहरुमा हवाईजहाजद्वारा नै चिठ्ठीपत्र लाने ल्याउने प्रबन्ध हुने भएकोले हुलाकी दर रेटमा वृद्धि गर्नुपर्ने आवश्यकता परेको हुँदा २०११ साल ज्येष्ठ १ गतेदेखि देहायमा लेखिएबमोजिम हुलाकी टिकटको दर रेटमा वृद्धि हुने भएको छ। सर्वसाधारण जनतामा ज्ञात होस् भन्नाको निमित्त यो विज्ञप्ति प्रकाश गरिएको छ।

| असामी | हाल चलिरहेका पोष्टेज रेट | अब बढी हुने पोष्टेज रेट |
|---|---|---|
| रजिष्टरी चिठ्ठी फी थानके | ।२० बीस पैसा | ।३० तीस पैसा |
| फिर्तिरसीदके | ।४ चार पैसा | ।६ छ पैसा |
| बीस तोलासम्मको पार्सल १ को | ।१६ सोन्ह पैसा | ।२० बीस पैसा |
| बीस तोलाभन्दा बढी प्रत्येक बीस तोला अथवा केही भागलाई थप | ।१६ सोन्ह पैसा | ।२४ चौबीस पैसा |
| नेपाल राज्यभरमा (भारतको बाटो नभै) जाने एक तोलासम्मको चिठ्ठी १ को | ।४ चार पैसा | ।६ छ पैसा |
| नेपाल राज्यभरमा (भारतको बाटो नभै) जाने पोष्टकार्ड १ को | ।२ दुइ पैसा | ।४ चार पैसा |
| नेपाल राज्यभरमा (भारतको बाटो नभै) जाने चिठ्ठी एक तोलाभन्दा बढी भएमा प्रत्येक तोला अथवा केही भागलाई थप | ।४ चार पैसा | ।६ छ पैसा |
| भारत पठाउने एक तोलासम्मको चिठ्ठी १ के | ।८ आठ पैसा | ।१२ बान्ह पैसा |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| भारतमा जाने एक तोलाभन्दा बढी भएमा प्रत्येक तोला अथवा केही भागलाई थप | ।४ चार पैसा | ।६ छ पैसा |
| बुक पोष्ट, स्याम्पुल पोष्ट, पहिला पाँच तोलासम्मलाई | ।६ छ पैसा | ।८ आठ पैसा |
| ऐ पाँच तोलाभन्दा बढी भएमा प्रत्येक अढाई तोला अथवा केही भागलाई थप | ।४ चार पैसा | ।६ छ पैसा |

आज्ञाले—

............

सेक्रेटरी— पब्लिक वर्क्स तथा सञ्चारमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

249